# हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

केन्द्रीय कार्यालय:
वडा नं. १०, थापागाँउ, काठमाण्डौ, पो.ब.नं. १४८
फोन नं. ०१-५२४५०९०/५२४५०९६
फ्याक्स नं. ०१-५२४५०९९


(साविक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. र एभरेष्ट इन्स्योरेन्स कं. लि. एक आपसमा गाभिएर बनेको बीमा कम्पनी)

**परिशिष्ट १ (निर्देशन १ संग सम्वन्धित)**
**निर्जिवन विमा गर्ने वीमकको त्रैमासिक वित्तीय विवरण**

## आ. ब. २०७९/८० को चौथो त्रैमासिकको लेखापरीक्षण हुन बाँकी वित्तीय विवरण

### वासलात

(रकम रू. हजारमा)

| क्र.सं. | विवरण | लेखापरीक्षण नभएको | लेखापरीक्षण नभएको | लेखापरीक्षण भएको |
|---|---|---|---|---|
| | | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब. को सम्वन्धित त्रैमासिकको अन्त्य सम्ममा |
| **१.** | **श्रोत (१.१ देखि १.५ सम्म)** | **४,३४२,४८२** | **४,३७६,०२३** | **३,९९१,०९७** |
| १.१ | चूक्ता पूँजी | २,३०१,५३५ | २,२३९,९३७ | २,४२८,१३० |
| १.२ | जगेडा तथा कोष | ६९०,८०० | ८७५,११९ | ४२३,१४२ |
| १.३ | वीमा कोष | १,२९४,७५५ | १,२०९,८२२ | १,०९४,४४८ |
| १.४ | महा बिपत्ती कोष | ५५,३९३ | ५१,१४६ | ४५,३७७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| **२** | **उपयोग (२.१ देखि २.५ सम्म)** | **४,३४२,४८२** | **४,३७६,०२३** | **३,९९१,०९७** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०४,०१५ | ३२६,९२९ | २५५,५७१ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ९६०,५६७ | ९२२,३४७ | ८२६,५७७ |
| २.३ | खुद चालु सम्पत्ति (३-४) | ३,०७७,९०० | ३,१२६,७४८ | २,९०८,९४९ |
| २.४ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.५ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | **खुद चालु सम्पत्तिको विवरण** | - | - | - |
| **३** | **चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **५,४०३,५६३** | **५,४४६,०५८** | **४,६४२,९३८** |
| ३.१ | नगद तथा बैक मौज्दात | १२९,८१५ | १०३,९८५ | २०६,७२० |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ३,६८१,७०३ | ३,३४७,६०० | ३,१४२,६४२ |
| ३.३ | अन्य सम्पत्ति | १,५९२,०४६ | १,९९४,४७४ | १,२९३,५७६ |
| **४** | **चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४) सम्म** | **२,३२५,६६३** | **२,३१९,३११** | **१,७३३,९८९** |
| ४.१ | चालु दायित्व | ९०८,०४९ | ७६९,०१९ | ४०७,८६५ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ५८८,७७४ | ६६७,१४३ | ४४१,०२५ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ३२७,५०९ | ४२९,५८२ | ४४७,०१२ |
| ४.४ | अन्य व्यवस्था | ५०१,३३१ | ४५३,५६७ | ४३८,०८७ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.ब. को अन्त्यमा |
|---|---|---|---|---|
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **६८६,३९५** | **३९८,२२८** | **३३०,३९५** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ४३४,०६७ | २२३,५३० | (३,०५३) |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | २५०,११७ | १७१,६९५ | ३२३,१११ |
| १.३ | व्यवस्था फिर्ता | - | - | १०,३३७ |
| १.४ | अन्य आम्दानी | २,२११ | ३,००३ | - |
| **२** | **व्यवस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म)** | **२८५,७८२** | **१६७,४८०** | **१८९,७०७** |
| २.१ | व्यवस्थापन खर्च | ४७,७८२ | ३१,९६२ | ४२,६९० |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्च | - | - | १,८५२ |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १,८४२ | - | ६४,४०६ |
| २.५ | कर्मचारीको आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी वोनस व्यवस्था | ६३,६७७ | ३६,६२७ | २२,१४५ |
| २.७ | आयकर | १७२,४८१ | ९८,८९२ | ५८,६१४ |
| **३** | **खुद नाफा/नोक्सान (१-२)** | **४००,६१३** | **२३०,७४८** | **१४०,६८८** |

### एकिकृत आय व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.ब. को अन्त्यमा |
|---|---|---|---|---|
| **१** | **आय (१.१ देखी १.६ सम्म)** | **२,४४२,१४९** | **२,०३१,३९९** | **१,९१०,९८५** |
| १.१ | वीमाशुल्क (खुद) | १,१७७,५४७ | ८९०,५०० | ८५०,६९१ |
| १.२ | पुनर्वीमा कमिशन आय | ३१४,०३५ | २००,७९५ | ३७९,३६७ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ६२,५२९ | ५२,०६६ | ९४,८०३ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | ७,९२१ |
| १.५ | वर्षको शुरूको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ४४७,०१२ | ४४७,०१२ | २३२,३८५ |
| १.६ | वर्षको शुरूको असमाप्त जोखिम वापत व्यवस्था | ४४१,०२५ | ४४१,०२५ | ३४५,८१७ |
| **२** | **व्यय (२.१ देखि २.८ सम्म)** | **२,००८,०८२** | **१,८०७,८६८** | **१,९१४,०३८** |
| २.१ | दावी भुक्तानी (खुद) | ६०१,५६३ | ३६८,१५८ | ५८३,७६३ |
| २.२ | अभिकर्ता कमिशन | ५०,७९६ | ४६,४१७ | ५६,१२८ |
| २.३ | पूनर्वीमा कमिशन खर्च | - | - | ५,१७२ |
| २.४ | सेवा शुल्क (खुद) | ९,४०० | ८,९१० | ९,६७६ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | - | - | २,७२९ |
| २.६ | व्यवस्थापन खर्च | ४३०,०३९ | २८७,६५८ | ३८४,२१४ |
| २.७ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ३२७,५०९ | ४२९,५८२ | ४४७,०१२ |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ५८८,७७४ | ६६७,१४३ | ४२५,३४६ |
| **३** | **नाफा/नोक्सान हिसाबमा सारेको (१-२)** | **४३४,०६७** | **२२३,५३०** | **(३,०५३)** |

### अन्य

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.ब. को अन्त्यमा |
|---|---|---|---|---|
| १ | वीमाशूल्क आर्जन (कुल) रकम (रू. हजारमा) | ३,३५३,९२१ | २,२९४,७६० | ३,२७६,६६९ |
| २ | जारी वीमालेखको संख्या | २११,९१२ | १६२,१७४ | २१३,०३० |
| ३ | नवीकरण गरिएको वीमालेखको संख्या | २६,५५२ | २१,१५६ | ३१,४७३ |
| ४ | कुल दावी भुक्तानी रकम (रू.हजारमा) | २,५०८,३४६ | ९६८,६३३ | १,७८८,५१९ |
| ५ | कुल दावी भुक्तानी संख्यामा | ११,८५८ | ८,३८५ | ८,८४२ |
| ६ | भुक्तानी हुन बाँकी कुल दावी (रू.हजारमा) (कोभिड समेत) | १,८९७,४११ | १,७०९,६२८ | १,००६,८१२ |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्यामा (५८३२ कोभिड समेत) | ८,५३१ | १०,४२५ | ८,९४२ |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम १ संग सम्बन्धित**

## आ.व. २०७९/०८० को चौथो त्रैमासिक (२०८० आषाढ मसान्तको) प्रतिवेदन

१. **वित्तीय विवरण**

क) यस कम्पनीको चौथो त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब तथा आय व्यय हिसाब (लेखापरीक्षण हुन बाँकी) विवरण यसै दैनिकमा प्रकाशन गरिएकोछ।

ख) प्रमुख वित्तीय अनुपातहरू:

| | |
|---|---|
| प्रति शेयर आम्दानी : रू. १७.४१ (वार्षिक) | पि.ई. अनुपात : ३४.४७ |
| प्रति शेयर नेटवर्थ : रू. १८८.६८ | प्रति शेयर कुल सम्पत्तिको मूल्यः रू. २८९.७३ |

२. **व्यवस्थापकीय विश्लेषण**

क) लगानीवाट हुने आय तथा प्रिमियम आम्दानी सन्तोषजनक रहेको छ।

ख) कम्पनीले ग्राहकहरूलाई स्तरिय वीमा सेवा प्रदान गर्दै आईरहेको कारण ग्राहकहरू सन्तुष्ट भई कम्पनीको शाख वृध्दी भईरहेको छ। सोहि अनुरूप वजार विस्तार गरि व्यवसाय विविधिकरण गर्दै जाने रणनीति कम्पनीले लिएको छ।

ग) समिक्षा अवधिमा भएको व्यवसाय तथा लगानीवाट हुने आयलाई दृष्टिगत गर्दा कम्पनीले भविष्यमा राम्रो प्रतिफल दिन सक्ने अपेक्षा राखेको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण**

क) कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भएः यस सम्बन्धी हालसम्म कुनै जानकारी नभएको।

ख) कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको भए : यस सम्बन्धी हालसम्म कुनै जानकारी नभएको।

४. **कम्पनीको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) धितोपत्र वजारमा भएको कम्पनीको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा : यस कम्पनीको शेयर मुल्य धितोपत्र वजारको नीति नियम वमोजिम खुल्ला वजारले निर्धारण गर्ने गरेको र सोहि अनुसार कारोवार हुने गरेको छ।

ख) यस अवधिको शेयरको अधिकत्तम, न्यूनतम, अन्तिम मूल्य र कारोवार भएको शेयर संख्या :

| | | |
|---|---|---|
| अधिकत्तम मूल्य : रू.६३५।०० | न्यूनतम मूल्य : रू. ४१९।०० | कारोवार भएको शेयर संख्या : ३,३१७,८९४ कित्ता |
| अन्तिम मूल्य : रू.६००।०० | कारोवार भएको दिन : ६२ दिन | कारोवार संख्या : १५२७४ |

संस्थापक शेयर कारोबारः

| | | |
|---|---|---|
| अधिकत्तम मूल्य : रू.४६०।०० | न्यूनतम मूल्य : रू. २४५।५० | कारोवार भएको शेयर संख्या : :३६५,९७८ कित्ता |
| अन्तिम मूल्य : रू.४६०।०० | कारोवार भएको दिन : ६२ दिन | कारोवार संख्या : ५५३ |

५. **समस्या तथा चुनौति :**

**आन्तरिक समस्या र चुनौती**

क) वीमा वजारमा वढ्दो प्रतिस्पर्धाको चुनौती।

ख) बढ्दो मुद्धा स्फितिको कारण संचालन खर्चमा वृद्धि।

ग) बीमा सम्बन्धी जनचेतनाको कमी।

**वाह्य समस्या र चुनौती**

क) अस्थिर आर्थिक तथा राजनीतिक वातावरणले व्यवसायमा पर्ने प्रभाव।

ख) महाभुकम्प, वाढी पहिरो तथा दैवि प्रकोपले पर्न सक्ने महाविपत्तीको प्रभाव।

ग) विश्वव्यापी रूपमा देखिएको महामारीको कारणले व्यवसायमा पर्ने प्रभाव।

**रणनीतिः**

जनशक्तिलाई प्रभावकारी गर्नको लागि मौजुदा कर्मचारीहरूलाई निरन्तर रूपमा तालिम प्रदान गर्ने तथा उचित प्रोत्साहन प्रदान गर्ने नीति कम्पनीले अवलम्वन गर्नेछ। ग्राहक सन्तुष्टिलाई केन्द्र विन्दु मानेर सेवा प्रदान गर्न कम्पनी सदैव प्रयत्नसिल छ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव प्रतिवद्ध रहेको छ। साथै संस्थागत सुशासन कायम राख्न कम्पनीले देहाय वमोजिम कदम समेत अवलम्वन गरेको छ।

क) संचालक समिति, बीमा ऐन, बीमा नियमावली तथा विद्यमान कानून र अन्य नियमनकारीको नियम तथा निर्देशनको पूर्ण पालना गरि संस्थागत सुशासनलाई निरन्तर पालनाको लागि संचालक समिति तथा व्यवस्थापन कटिवद्ध छ।

ख) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित छ। साथै, आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था जारी छ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य पूर्ण छन् र लगानीकर्ताहरूलाई उपयुक्त निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारी लुकाइएको छैन।


(साबिक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. र एभरेष्ट इन्स्योरेन्स कं. लि. एक आपसमा गाभिएर बनेको बीमा कम्पनी)